

# अर्थ

तीन वर्षभित्रमा प्रणालीमा रहेको चुहावटलाई १५ प्रतिशतमा झार्ने लक्ष्य रहेको प्राधिकरणले जनाएको छ। चुहावट नियन्त्रणका लागि प्राधिकरणले चोरी नियन्त्रण गर्ने, महशुल बक्यौता असुलीमा कडाई गर्ने, प्राविधिक चुहावट घटाउन ट्रान्सफर्मर तथा वितरण लाइनको सदृढीकरण लगायतका काम अभियानकै रुपमा चलाइरहेको छ।

2018, JUN
Sunday
17


## हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९१.८५ | ९०.८५ | ९३.३५ | ९२.३५ | ८९.३५ | ९१.८५ | ९१.६५ | १०१.२२ |
| बीरगंज | ८९.९५ | ८८.९५ | ९१.४४ | ९०.४५ | ८७.४५ | ८९.९४ | ८९.७५ | ९९.४२ |
| विराटनगर | ९०.४५ | ८९.४५ | ९१.९४ | ९०.९५ | ८७.९५ | ९०.४४ | ९०.२५ | १००.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

RHINO 500D GUARANTEED DUCTILITY

### बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ९२।९० | ८९।९० | ९२।९० | ९२।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| पोखरा, स्याङ्जा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695, 9855061366), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151, 9855021918), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450), Sindhuli (9854026965, 9851004153), Pathari (9852048341)

KUMARI JOB.COM
YOUR CAREER STARTS HERE !
के तपाईले आज Login गर्नुभयो?
01-4478845 , 4480374 , 4464043
info@kumarijob.com


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७५ असार ३, जुन १७, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०८।५२ | १०९।१२ |
| युरो १ को रू. | १२५।८० | १२६।५० |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४४।१४ | १४४।९४ |
| स्विस फ्रन्क १ को रू. | १०८।७१ | १०९।३१ |
| अस्ट्रेलियन डलर १ को रू. | ८१।०८ | ८१।५३ |
| क्यानाडियन डलर १ को रू. | ८२।६६ | ८३।१२ |
| सिङ्गापुर डलर १ को रू. | ८०।५६ | ८१।०१ |
| जापानी यन १० को रू. | ९।८१ | ९।८६ |
| चिनियाँ युआन १ को रू. | १६।९० | १६।९९ |
| साउदी अरब रियाल १ को रू. | २८।९४ | २९।१० |
| कतारी रियाल १ को रू. | २९।८१ | २९।९७ |
| थाई भाट १ को रू. | ३।३५ | ३।३६ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।५५ | २९।७१ |
| मलसियन रिङ्गिट १ को रू. | २७।२३ | २७।३८ |
| दक्षिण कारियन वन १०० को रू. | ९।८९ | ९।९५ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।३८ |
| डेनिस क्रानर १ का रू. | १६।८८ |
| हङकङ डलर १ का रू. | १३।८३ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# नेपाललाई थप अन्तर्राष्ट्रिय हवाई रुट प्राप्त

दीपेन्द्र थापा, काठमाडौं

नेपाललाई थप अन्तर्राष्ट्रिय हवाई रुट दिन भारत सहमत भएको छ। दुई दिनसम्म भएको छलफलका क्रममा भारतले जनकपुर, विराटनगर हवाई रुट प्रदान गर्न सहमत भएको हो।

नेपालले लामो समयदेखि अन्तर्राष्ट्रिय उडानका लागि थप रुट माग गर्दै आएको थियो। सन् २०१६ मा नेपाल र भारतबीच भएको सम्झौता अनुरुप थप हवाई रुटका विषयमा दुवै देशका अधिकारीबीच काठमाडौंमा छलफल भएको थियो।

भारतले जनकपुर र विराटनगरबाट हवाई रुट परमिट दिने सहमति भएको नेपाल नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक राजन पोखरेलले जानकारी दिनुभयो। दुवै पक्षबीच भएको सहमतिअनुसार नेपालले विराटनगर र जनकपुर रुटलाई दुईतर्फी बनाइने भएको छ। यसका लागि प्राधिकरणले जुलाईसम्म सेप्टी एसिस्मेन्टको आधारमा नै रुटको तय हुने र सेप्टेम्बरसम्ममा कार्यान्वनको लागि भारतीय पक्षलाई बुझाउने प्राधिकरणका प्रवक्ता वीरेन्द्र श्रेष्ठले बताउनुभयो।

यस्तै पश्चिमतर्फ महेन्द्रनगर हुँदै कम उचाइमा उड्ने वायुयानको लागि मौजुदा काठमाडौं-महेन्द्रनगर-दिल्ली हवाई रुटलाई दुईतर्फी बनाउन सो क्षेत्रको उडान सुरक्षा मूल्यांकन गरी लागू गर्ने पनि सहमति भएको प्राधिकरणले जानकारी दिएको छ। निर्माणाधीन गौतमवुद्ध, पोखरा र निजगढ विमानस्थलबाट बढी उचाईमा उड्ने अन्तर्राष्ट्रिय उडानका लागि पश्चिममा नेपालगन्ज र महेन्द्रनगरबाट प्रवेशमार्ग दिने सम्बन्धमा २०१८ को सेप्टेम्बरसम्म विस्तृत प्राविधिक अध्ययन मूल्यांकन सम्पन्न गर्ने सहमतिमा भएको छ।



छलफलमा नेपालका तर्फबाट नागरिक उड्डयन प्राधिकरणका एयर नेभिगेसन उपमहानिर्देशक नरेन्द्रबहादुर थापाको टोली र भारतीय एयर नेभिगेसन प्रमुख एके दत्तको टोली सहभागी थियो। दुई पक्षबीच भएको सहमतिका आधारमा अन्तर्राष्ट्रिय नागरिक उड्डयन प्राधिकरण (आईकाओ) मा पठाइने र त्यहाँबाट अनुमति दिएपछि रुट परमिट लागू हुने पोखरेलले बताउनुभयो।

यो सहमतिले नेपाल र भारतबीच सीमापार उडानलाई सहयोग पुग्ने प्राधिकरणका प्रवक्ता श्रेष्ठले जानकारी दिनुभयो। यस्तै नेपाली तथा भारतीय पक्षबीच एयर नेभिगेसन सेवाको विविध प्राविधिक विषयमा सहयोग आदानप्रदान गर्न उच्च तहमा प्राविधिक सहयोग गर्ने सहमति भएको प्रवक्ता श्रेष्ठले जानकारी दिनुभयो। भारत हुँदै नेपाल प्रवेशका लागि हालसम्म बाराको सिमरा रुट मात्र प्रयोग गर्दै आएको छ। यसअघि नेपालले हिमालय रुट २ को माग गरे पनि अहिले भएको छलफल र सहमति त्यो रुट भन्दा फरक रहेको उपमहानिर्देशक पोखरेलले बताउनुभयो।

भारतको कलकत्ताबाट आउने विमानले रोमियो ३३६,र पश्चिमा देशबाट आउने विमानले सेरा माइक्रो रोमिया गल्फ ३३६ हवाई रुट प्रयोग गर्दै नेपाल प्रवेश विन्दू गर्दै आएका छन्।

## टेलिकमको जीएसएम तथा सीडीएमएमा आईएसडी सेवा

काठमाडौं, (नेस)

नेपाल टेलिकमको जीएसएम तथा सीडीएमए पोष्टपेड मोबाइलमा अब अन्तर्राष्ट्रिय कलका लागि आईएसडी सुविधा सेवाग्राही आफैंले लिन सक्ने भएका छन्। यो सेवा असार १ गतेदेखि नै सञ्चालनमा आएको कम्पनीले जनाएको छ।

Nepal Telecom

आईएसडी सुविधा शुरूमा लिन जीएसएम मोबाइलका लागि '००००' र सीडीएमए मोबाइलका लागि '१२३४' डिफल्ट पिन नम्बर हुने छ।

जीएसएम मोबाइलमा आफ्नो पिन नम्बर प्रयोग गरी आईएसडी सेवा खोल्नका लागि सेवाग्राहीले एस्ट्रिक ३३१ ह्यास पिन एस्ट्रिक डायल गर्नुपर्नेछ भने सेवा बन्द गर्नको लागि ह्यास ३३१ ह्यास पिन एस्ट्रिक डायल गर्नुपर्नेछ। आफ्नो आईएसडी सेवा खुला वा बन्द रहेको जानकारी लिनका लागि ह्यास एस्ट्रिक ३३१ एस्ट्रिक डायल गर्नुपर्नेछ।

## पौने २ अर्बको शेयर कारोबार

काठमाडौं, (नेस)

नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा यो साता पहिलो दिनको तुलनामा १५ दशमलव ६६ अंकले बढेर अन्तिम दिन १२४७ दशमलव ३० अंकमा पुगेको छ। यस साता कुल १ सय ८६ कम्पनीको ४८ लाख ६८ हजार ७० कित्ता शेयर १ अर्ब ७२ करोड ५ लाख ६६ हजार रुपियाँमा शेयर २३ हजार ३ सय ६८ पटक खरिद बिक्री भएका छन्। यस साताको कारोबार रकम गत साताको भन्दा २.१४ प्रतिशत बढी हो। कारोबार रकम र शेयर संख्याका आधारमा यो साता मेगा बैंक नेपाल अग्रस्थानमा छ। सो बैंकको ४ लाख ६५ हजार कित्ता शेयर ९ करोड ९७ लाख ७० हजारबराबरको शेयर कारोबार भएको छ।

यो साता 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पहिलो दिनको तुलनामा दुई दशमलव ६५ अंकले बढेर २६१ दशमलव ८१ अंकमा पुगेको छ। नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि पाँच दिन नै खुला रह्यो भने यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रको कुनै पनि कारोबार भएन। जेठ महिनाको अन्तिम साता नेपाल स्टक एक्सेन्ज (नेप्से) मा विभिन्न कम्पनीको आईपीओ, बोनस र हकप्रद गरी २ करोड कित्ताभन्दा बढी शेयर सूचीकृत भएको छ। नेप्सेका अनुसार यस साता २ करोड ३ लाख ९० हजार ५३ दशमलव २० कित्ता शेयर सूचीकृत भएको हो।

सूचीकृत भएकामध्ये रैराङ हाइड्रोपावर कम्पनीको साधारण शेयर ५६ लाख कित्ता रहेको छ। त्यस्तै प्राइम लाइफ इन्स्यारेन्सको बोनस शेयर १९ लाख ८३ हजार १५० कित्ता र मल्टीपर्पोज फाइनान्सको बोनस शेयर १ लाख ६४ हजार ७३६ कित्ता सूचीकृत भएको छ। यसैगरी प्राइम लाइफ इन्स्योरेन्सको हकप्रद शेयर ९७ लाख ६३ हजार २ सय कित्ता, सिद्धार्थ बैंकको हकप्रद शेयर ६८ लाख २६ हजार ११७ दशमलव १९ कित्ता र बेस्ट फाइनान्सको हकप्रद शेयर १६ लाख ५२ हजार ८५० कित्ता शेयर सूचीकृत भएको छ।

## जनप्रतिनिधिद्वारा नै विद्युत् चोरी

काठमाडौ, (नेस)

विद्युत् चोरीका संलग्न दुई वडाध्यक्षहरू पक्राउ परेका छन्। चोरी नियन्त्रणका लागि बिहीबार खटिएको नेपाल विद्युत प्राधिकरणको टोलीले काभ्रेको मण्डनदेउपुर नगरपालिका वडा नम्बर ७ का वडाध्यक्ष नारायण लम्साल र सप्तरीको तिरहुत गाउँपालिका वडा नम्बर ५ का वडाध्यक्ष रामानन्द चौधरीलाई पक्राउ गरेको हो।

गृहमन्त्री रामबहादुर थापा, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री वर्षमान पुन, गृह सचिव प्रेमकुमार राई, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, नेपाल प्रहरीका महानिरीक्षक सर्वेन्द्र खनाल लगायतको बुधबारको बैठकले विद्युत चोरी नियन्त्रणलाई परिणाममूखीरुपमा कार्यान्वयनमा ल्याउने निर्णय गरेको थियो। यही आधारमा प्रत्येक जिल्ला प्रशासन कार्यालय र प्राधिकरणका शाखा कार्यालयले समन्वय गरी संयुक्तरुपमा चुहावट नियन्त्रणको कार्यायोजना बनाएर काम शुरू गरिसकेका छन्। सुरक्षाकर्मीसहित खटिएको प्राधिकरण काभ्रे बितरण केन्द्रको टोलीले वडाध्यक्ष लम्सालले कुन्ताबेंसीमा हुकिङ गरी कुखुरा फर्ममा विद्युत प्रयोग गरेको फेला पारेपछि पक्राउ गरेको थियो। पक्राउ गरी लम्साललाई जिल्ला प्रहरी कार्यालय धुलिखेलमा राखिएको थियो। उनी ४१ हजार २ सय ८७ रुपियाँ जरिवाना तिरी शुक्रबार रिहा भएका छन्।

यसैगरी राजविराज वितरण केन्द्रको टोलीले तिरहुत गाउँपालिका-५का वडाध्यक्ष रामानन्द चौधरीले हुकिङ गरी घरमा विद्युत् प्रयोग गरेको फेला पारेको थियो। टोलीले वडाध्यक्षसहित हुकिङ गर्ने २१ जनालाई पक्राउ गरेको थियो। वडाध्यक्ष चौधरी १५ हजार जरिवाना तिरी शुक्रबार छुटेका छन्। विद्युत चोरी नियन्त्रण ऐन-२०५८ र नियमावली २०५९मा विद्युत् चोरी गरेर प्रयोग गरिएका उपकरणलाई लाग्ने लोडको आधारमा हिसाब गरी एक वर्षको जरिवाना तिराउने व्यवस्था छ। यही व्यवस्थाअनुसार निर्धारण गरिएको जरिवाना तिरी दुवै वडाध्यक्ष छुटेका हुन्। यसअघि बर्दियाको मधुवनी नगरपालिका-२ का वडाध्यक्ष पहाडी थारु पनि विद्युत् चोरीमा पक्राउ परी जरिवाना तिरेर रिहा भएका थिए।

प्राधिकरणका बितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक हरराज न्यौपानेले हरेक क्षेत्रीय कार्यालयले बढी विद्युत् चुहावट हुने जिल्लामा नियन्त्रणको अभियान नै चलाउन लागेको जानकारी दिनुभयो। 'विद्युत चोरी नगर्न तथा मिटर जडान गर्न आग्रह गर्दै माइकिङ गर्ने, प्रशासनको सहयोगमा हुकिङ हुने क्षेत्रमा अपरेसन सञ्चालन गर्ने लगायतका काम अभियानकै रूपमा मुलुकभरी सञ्चालन गर्दै छौं,' उहाँले भन्नुभयो-'ठूला ग्राहक (थ्रि फेज) को मिटर चेक गरिने छ।'

प्राधिकरणको प्रणालीमा चैतसम्ममा २०.०६ प्रतिशत विद्युत् चुहावट छ। चालू आर्थिक वर्ष २०७४/७५मा प्रणालीमा रहेको चुहावटलाई २०.०६ प्रतिशतमा झार्ने प्राधिकरणको लक्ष्य छ। गत आर्थिक वर्ष २०७३/७४मा चुहावट २२.९ प्रतिशत थियो।

## नेपाली व्यवसायीको सयवटा कन्टेनर समुद्रमा ध्वस्त




विराटनगर, (नेस)

तेस्रो मुलुकबाट सामान बोकेर भारतको कोलकाता बन्दरगाहतर्फ गइरहेको 'एमभी एसएसएल कोलकाता पानी जहाजमा समुद्रमै भएको आगालागीमा नेपाली व्यवसायीका सामान भएको करिब एक सय कन्टेनर जलेर नष्ट भएको छ। नेपाली व्यवसायीको सामान भएका कन्टेनर बोकेको जहाजमा बुधबार मध्यरात होग्ली नदी र बे अफ बंगालको संगमस्थल नजिकै आगलागी भएको हो। २२ जना चालक र ४६४ कन्टेनर सामान रहेको जहाजमा भएको आगलागीमा चालक दलका सदस्यलाई उद्दार गरिएको भए पनि नेपाली व्यवसायीका सामान भएका कन्टेरन भने जहाजबाट निकाल्न नसकिएको नेपाली व्यवसायीले बताएका छन्।

आगालागीमा परी नेपाली व्यवसायीका सय कन्टेनरमा रहेको सामान नष्ट भएको उद्योगीहरूले बताएका छन। को-को नेपाली व्यवसायीको सामान नष्ट भएको भन्ने विषय भने खुल्न समय लाग्ने बताइएको छ।

# घलेम्दीबाट यसै वर्ष विद्युत् उत्पादन हुँदै

नेपाल समाचारपत्र

म्याग्दी

निजी क्षेत्रको लगानीमा निर्माण हुन लागेको ५ मेगावाट क्षमताको घलेम्दीखोला जलविद्युत् आयोजनाको निर्माणकार्य अन्तिम चरणमा पुगेको छ। उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा निर्माणाधीन अवस्थामा रहेको घलेम्दीखोला जलविद्युत् आयोजनाको निर्माणकार्य अन्तिममा पुऱ्याइएको हो।


हालसम्म आयोजनाको झण्डै ९२ प्रतिशत काम सम्पन्न भइसकेको घलेम्दीखोला जलविद्युत् आयोजनाले जनाएको छ। आयोजनाको पावरहाउस, पेनस्टक पाइप, 'सर्ज टयाक्र'को काम तीव्र गतिमा अगाडि बढेको छ। आयोजनाको मुख्य ड्याम, बालुवा थिग्राउने पोखरी, बाँधदेखि पोखरीसम्म नहर निर्माण, डिसेन्डर बेसिनको काम सकिएको कम्पनीका अध्यक्ष किशोर सुवेदीले जानकारी दिनुभयो। समग्रमा आयोजनाको ९२ प्रतिशत काम सकिएको बताउँदै उहाँले बाँकी कामलाई पनि तीव्र गतिमा अगाडि बढाइएको बताउनुभयो। आयोजनामा पावरहाउसको मात्रै काम ८० प्रतिशतको हाराहारीमा सम्पन्न भएको छ।

निजी क्षेत्रको पहलमा जिल्लामै पहिलोपटक २०७१ सालबाट निर्माण थालिएको आयोजनाको विद्युत् गृहमा मेसिन जडान अन्तिम चरणमा पुगेको अध्यक्ष सुवेदीले बताउनुभयो। पेनस्टक पाइपको जडान करिब पूरा भएकाले पाइपमा पानी हालेर मेसिनसम्म पुऱ्याउने काम बाँकी रहेको आयोजनाका सञ्चालक एवम् प्रबन्ध निर्देशक प्रमोद श्रेष्ठले बताउनुभयो। १७ सय मिटर शुरूङ जोडिएपछि अहिले दुवैतर्फ फिनिसिङको काम भइरहेको छ भने आगामी असोज महिनाभित्र परीक्षण उत्पादन गर्ने तयारी गरिएको छ।

जिल्लामा निजी क्षेत्रबाट निर्माणाधीन अवस्थामा रहेको जलविद्युत्मा घलेम्दीले सबैभन्दा पहिले उत्पादन दिने भएको छ। बन्द हड्ताल, भारतीय नाकाबन्दीको समयमा समेत दिनहुँ दुई सिफ्टमा काम गरिएकाले पनि आयोजनालाई अन्तिम रुप दिन सहज भएको प्रबन्ध निर्देशक श्रेष्ठको भनाइ छ।

घलेम्दीखोलाको धार परिवर्तन गरी दुवै तर्फबाट निर्माणकार्य सम्पन्न भएपछि लगानीकर्ता समेत उत्साहित देखिएका छन्। पावरहाउसदेखि ड्यामसम्म करिब १ सय ५० जना मजदूर परिचालन गरिएको छ। विगतमा भौगोलिक विकटताका कारण सडकको पहुँच नहुँदा सामान ढुवानीमा भरिया र खच्चडको प्रयोग गर्दा लागत र समय धेरै खर्चिनुपर्ने परेको थियो। अहिले सुरूङबाट सबै सामानहरू एक घण्टामा ड्यामसम्मै पुग्ने भएकाले पनि शुरूङको काम सकिएपछि आयोजनाका अन्य संरचनाले गति लिएको छ। शुरूङ हुँदै ल्याइएको घलेम्दीखोलाको पानीलाई १७५ मिटरको उचाइबाट पावरहाउसमा खसालेर विद्युत उत्पादन गरिनेछ।

३८ करोड ५० लाख संस्थापक शेयर रहेको आयोजनामा १३ सयजना संस्थापक शेयर रहेका छन् भने वित्तीय संस्थाबाट ५५ करोड कर्जा लिइएको छ। घलेम्दीखोलाबाट उत्पादित विद्युत्लाई राष्ट्रिय प्रसारण लाइनमा जोडिने भएको छ। सम्झौताअनुसार आयोजनाबाट उत्पादन हुने विद्युत्लाई नेपाल विद्युत प्राधिकरणले खरिद गर्नेछ। वार्षिक करिब १८ करोड रुपियाँ बराबरको विद्युत् खरिद गर्ने प्राधिकरणले वर्षायाममा ४ रुपैयाँ ८० पैसा र हिउँदमा ८ रुपियाँ ४० पैसामा प्रतियुनिट विद्युत खरिद गर्ने सम्झौता भएको छ।



## कापडी गाड अन्तिम चरणमा

डोटी, (नेस)

जिल्लाको बड्डीकेदार गाउँपालिका ९ बीपीनगरस्थित कापडी गाडमा निर्माणाधीन सालमुनि जलविद्युत् आयोजनाको काम अन्तिम चरणमा पुगेको छ। करिब एक अरबको लगानीमा निर्माण भएको उक्त आयोजनाको काम अन्तिम चरणमा पुगेको कम्पनीका कर्मचारी मीन पोखेलले बताउनुभयो। 'वैशाकमै काम सक्ने लक्ष्य थियो तर विभिन्न कारणले ढिलो भयो, अब हामी करिब अन्तिम चरणमा पुगेका छौं,' उहाँले भन्नुभयो। उक्त आयोजना सनमानदेवी हाइड्रो पावर तथा स्वयम्भु कन्ट्रक्सनले निर्माण शुरू गरेको हो। उक्त ३.३३ मेगावाट क्षमता रहेको आयोजना शरु भएपछि स्थानीयबासी खुशी भएको स्थानीय रोजबहादुर कलेलले बताउनुभयो। गाउँमै रोजगारी पाएपछि स्थानीय कामका लागि भारत जाने परम्परा पनि हट्न थालेको अर्का स्थानीय लोकेन्द्र बहादुर छेडालले बताउनुभयो।

२०७५ असार
आइतवार
३

भारतको कलकत्ताबाट आउने विमानले रोमियो ३३६,र पश्चिमा देशबाट आउने विमानले सेरा माइक्रो रोमिया गल्फ ३३६ हवाई रुट प्रयोग गर्दै नेपाल प्रवेश विन्दू गर्दै आएका छन्।




# ५ वटा फाइनान्स कम्पनीको मात्रै पुँजी पुग्यो

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल राष्ट्र बैंकको नियमअनुसार अहिलेसम्म पाँच वटा फाइनान्स कम्पनीले मात्रै ८० करोड रुपियाँ चुक्ता पुँजी पुऱ्याएका छन्। तीमध्ये नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सूचीकृत २० वटा फाइनान्स कम्पनीले चालू आर्थिक वर्षको ९ महिनाको वित्तीय विवरण तेस्रो त्रैमासमा वित्तीय विवरण प्रकाशित गरेका छन्।

चालू आर्थिक वर्षको तेस्रो त्रैमाससम्मको वित्तीय विवरणअनुसार ८० करोड रुपियाँ चुक्ता पुँजी पुऱ्याउनेमा आइसीएफसी फाइनान्स, गोर्खाज् फाइनान्स, युनाइटेड फाइनान्स, गुडविल फाइनान्स र गुहेश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स रहेका छन्। यीमध्ये चुक्ता पुँजी बढी रहेकोमा आईसीएफसी फाइनान्सको रहेको छ। यस कम्पनीको ८८ करोड २१ लाख रुपियाँ चुक्ता पुँजी पुगेको छ।

तेस्रो त्रैमाससम्म सबैभन्दा कम चुक्ता पुँजी रहनेमा मल्टीपर्पोज फाइनान्स कम्पनी रहेको यस कम्पनीको ४ करोड १४ लाख रुपियाँमात्रै चुक्ता पुँजी रहेको छ। त्यस्तै जेबिल्स फाइनान्स, श्रीइन्भेष्टमेन्ट एन्ड फाइनान्स, सेन्ट्रल फाइनान्स, मञ्जुश्री फाइनान्स, पोखरा फाइनानन्स र सिनर्जी फाइनान्सको पुँजी वृद्धि योजना रहेका छन्।

त्यस्तै जगेडा कोषमा सबैभन्दा बढी पोखरा फाइनान्सको ३९ करोड २२ लाख रुपियाँ छुटाएको छ भने ललितपुर फाइनान्स, वेष्ट फाइनान्स, हाथवे फाइनान्स, सिनर्जी फाइनान्स र सिटी एक्सप्रेस फाइनान्सको जगेडा कोष नकारात्मक रहेको छ।

तेस्रो त्रैमासमा निक्षेप, कर्जा प्रवाह र सम्पत्तिमा सबैभन्दा अगाडि आईसीएफसी फाइनान्स नै अगाडि रहेको छ। जसले निक्षेपमा ८ अर्ब ७ करोड २२ लाख रुपियाँ संकलन गरी कर्जामा ६ अर्ब ५१ करोड २३ लाख रुपियाँ लगानी गरेको छ। सो कम्पनीले १० अर्ब २२ करोड २ लाख रुपियाँ सम्पत्ति पुऱ्याएको छ। अनिक्षेप संकलनतर्फ सबैभन्दा कमजोर सिटी एक्सप्रेस फाइनान्स रहेको छ। यस कम्पनीले जम्मा ३ करोड २९ लाख रुपियाँ निक्षेप संकलन गरेको छ। यस कम्पनीले कर्जामा लगानी भने गरेको छैन।

खुद ब्याज आम्दानीतर्फ सबैभन्दा अगाडि गुडविल फाइनान्स रहेको छ। जसले खुद ब्याज आम्दानी ३४ करोड ८४ लाख रुपियाँ आर्जन गरेको छ। सञ्चालन मुनाफामा भने पोखरा फाइनान्स अगाडि छ। यस कम्पनीले १० करोड १० लाख रुपियाँ सञ्चालन मुनाफा कमाएको छ। चालू आवको तेस्रो त्रैमासमा खुद मुनाफा कमाउनेमा ललितपुर फाइनान्स अगाडि रहेको छ। जसले ८ करोड १७ लाख रुपियाँ नाफा आर्जन गरेको छ। त्यस्तै प्रोग्रेसिभ फाइनान्सको ९७ लाख रुपियाँ नोक्सानमा रहेको छ।

खुद ब्याज आम्दानी तथा सञ्चालन मुनाफामा सबैभन्दा कमजोर सिटी एक्सप्रेस फाइनान्स र सिनर्जी फाइनान्स रहेका छन्। खुद ब्याज आम्दानीमा सिटी एक्सप्रेस फाइनान्सको ४५ लाख रुपियाँ नेगेटिभमा रहेको छ भने सञ्चालन मुनाफामा ९ वटा कम्पनी नेगेटिभमा रहेको छ। प्रतिशेयर आम्दानीमा सबैभन्दा धेरै ललितपुर फाइनान्सको ३४ दशमलव ४९ रुपियाँ रहेको छ भने सबैभन्दा कम प्रतिशेयर आम्दानी प्रोगेसिभ फाइनान्सको शून्य दशमलव ७८ रुपियाँ रहेको छ।

मुल्य आम्दानीमा सबैभन्दा बढी पोखरा फाइनान्सको ७६९ दशमलव २४ गुणा रहेको छ भने सबैभन्दा कम ललितपुर फाइनान्सको ४ दशमलव ९८ गुणा रहेको छ।




**रोपाइँको चटारो** : असार महिना रोपाइँको महिना भएकाले देशभर रोपाइँको चटारो रहेको छ। यसै क्रममा राजधानीको साँखु क्षेत्रमा रोपाइँ गर्दै स्थानीय महिला।

## रिलायन्स लाइफ इन्स्योरेन्सद्वारा १८ घातक रोगमा अतिरिक्त सुविधा प्रदान

काठमाडौं, (नेस)

रिलायन्स लाइफ इन्स्योरेन्सले ग्राहकका लागि जीवन शान्ति बीमा योजना ल्याएको छ। न्यूनतम १६ वर्षको उमेरदेखि गर्न सकिने यो बीमा योजनाअन्तर्गत न्यूनतम बीमा शुल्कमा भविष्यमा हुन सक्ने भवितव्यबाट आर्थिक स्थिरता तथा पूर्ण जोखिम प्रधान गर्छ। यो योजनाको विशेषता भनेको न्यून बीमा शुल्कले आश्रितको भविष्य सुरक्षा हो। यस बीमामा अतिरिक्त सुविधा पनि बिमितले लिन सक्नेछन्।

रिलायन्स लाफ इन्स्योरेन्स द्वारा घातक रोग सम्बन्धिअतिरिक्त सुविधाहरू पनि सार्वजनिक गरेको छ। रिलायन्स लाइफ इन्स्योरेन्सले विभिन्न घातक रोगबाट हुन सकिने मानवीय हानीलाई मध्येनजर गरी यो सुविधा सार्वजनिक गरेको हो। नेपालमा पहिलोपटक १८ घातक रोग अतिरिक्त सुविधा लिएर आउने रिलायन्स लाइफ इन्स्योरेन्स पहिलो जीवन बीमा कम्पनी हो। चिकित्सकीयरुपमा घातक रोग प्रमाणित भएमा अधिकतम् ५० लाखसम्मको एकमुस्ट अतिरिक्त रकम प्रदान गरिने कम्पनीले जनाएको छ। यो अतिरिक्त सुविधा हरेक बीमा योजना संग संयुक्त रुपमा लिने सकिनेछ। बिमितले न्यूनतम बीमा शुल्क तिरेर १८ वटासम्म घातक रोगविरुद्ध यो सुविधाको लाभ लिन सक्नेछन्।

PRESS RELEASE

काठमाडौं, (नेस)

सन्राइज बैंकले बिहीबार ओखलढुंगाको मोलुङ गाउँपालिकामा ८७औं शाखा विस्तार गरेको छ। उक्त शाखा शाखाको उद्घाटन संघीय सभाका सांसद यज्ञराज सुनुवार, मोलुङ गाउँपालिकाका अध्यक्ष मणिराज राई र बैंकका सहायक महाप्रबन्धक सर्वेन्द्र मिश्रले संयुक्त रुपमा गर्नुभयो। त्यस्तै ओखलढुङाको सिद्दिचरण नगरपालिकामा आफ्नो ८८औं शाखा विस्तारगरेको छ। उक्त शाखाको उद्घाटन ओखलढुंगाका प्रमुख जिल्ला अधिकारी जनकराज पन्त, सिद्दिचरण नगरपालिकाका उपमेयर इच्छाकुमारी गुरुङ, उद्योग वाणिज्य संघ ओखलढुंगाका उपाध्यक्ष पूर्णकुमार श्रेष्ठले संयुक्त रुपमा गर्नुभयो।

बैंकले 'स्वास्थ्य बीमा सुविधा शुरू गरेको छ। उक्त बीमाअन्तर्गत सरकारी वा तोकिएको निजी अस्पतालमा भर्ना भई उपचार गराउँदा लाग्ने खर्च १ लाख रुपियाँमा नबढ्ने गरी बचत खातामा कायम रहेको वार्षिक औसत मौज्दातको २५ प्रतिशत वा बिल रकम जुन न्यून हुन्छ सो खर्च शोधभर्ना गर्न सकिने बैंकले जनाएको छ। बैंकले बचत खातामा रहेको मौज्दातको ४ गुणा वा ५ लाखसम्मको दुर्घटना बीमा पनि प्रदान गर्दै आएको छ।

## मुक्तिनाथ विकास बैंक र लुम्बिनी विकास बैंकबीच सम्झौता



काठमाडौं, (नेस)

मुक्तिनाथ विकास बैंकको मुक्तिनाथ रेमिट र लुम्बिनी विकास बैंकको लुम्बिनी रेमिटबीच सम्झौता भएको छ। मुक्तिनाथ विकास बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत प्रद्युम्न पोखरेल र लुम्बिनी विकास बैंकको तर्फबाट कामु प्रमुखकार्यकारी अधिकृत उमेश रेग्मीले हस्तााक्षर गर्नुभएको छ। सम्झौताअनुसार अब मुक्तिनाथ रेमिट लुम्बिनी विकास बैंकको सबै शाखाबाट प्राप्त गर्न सकिने छ, साथै लुम्बिनी रेमिट मुक्तिनाथ विकास बैंकको सम्पूर्ण शाखाबाट प्राप्त गर्न व्यवस्था गरिएको छ।

## सिटिजन्स बैंक र ओम हस्पिटलबीच सम्झौता



काठमाडौं, (नेस)

सिटिजन्स बैंक इन्टरनेसनल र ओम हस्पिटल तथा रिसर्च सेन्टरबीच बैंकका ग्राहकलाई अस्पतालको सेवा शुल्कमा विशेष छुट दिने सम्बन्धी समभ्दारीपत्रमा हस्ताक्षर भएको छ। उक्त सम्झौतामा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल र अस्पतालका म्यानेजिङ डाइरेक्टर बाबुकाजी कार्कीले हस्ताक्षर गर्नु भएको छ। यससम्झौता पश्चात सिटिजन्स बैंकका डेबिट तथा क्रेडिट कार्डवाहक, खातावालाले ओम हस्पिटल तथा रिसर्च सेन्टरमा उपचार गराउँदा विशेष छुट पाउनेछन्।

सिटिजन्स बैंक इन्टरनेसनलले ७४ वटा शाखा, ७० वटा एटीएम र ९९ वटा शाखा हित बैंकिङ इकाईबाट३ लाख ३५ हजार ग्राहकलाई आधुनिक बैंकिङ सेवाहरू प्रदान गर्दै आएको छ।

यसअघि सिटिजन्स बैंकले चितवन मानव सेवा आश्रमलाई ३ लाख आर्थिक सहयोग उपलब्ध गराएको छ। आश्रमको सभाकक्षमा आयोजित कार्यक्रमबीच बैंकका प्रमुख कार्यकारी अधिकृत राजनसिंह भण्डारीको उपस्थितिमा आश्रमकी अध्यक्ष श्रीमती ममता शर्मा न्यौपानेलाई उक्त सहयोगको चेक बैंकका प्रमुख प्रशासकीय अधिकृत उमंग शर्माले हस्तान्तरण गर्नुभयो।

कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत भण्डारीले मानिसमा उद्यमशीलताको विकास हुनु नितान्त आवश्यक रहेको साथै अध्यात्मले मानिसलाई जीवनयापन गर्न सजिलो बनाउने कुरा व्यक्त गर्नुभयो। असक्त, अपांग र मानसिक सन्तुलन गुमेर सडकमा आएका १४७ जनाको उद्दार गरी आश्रममा ल्याई औषधिउपचारसहितको गाँस, बाँसको व्यवस्था गर्दै आई रहेको साथै हाल ५४ जनाले उक्त आश्रममा सेवा लिई राखेको ६४ जनालाई उपचार पश्चात परिवारमा पुनर्मिलन गराइएको आश्रमकी अध्यक्षले जानकारी गराउनुभयो।



काठमाडौं, (नेस)

नेपालका लागि यामाहा मोटरसाइकलको आधिकारिक बिक्रेता एमएडब्लू इन्टरप्राइजेजले नवलपरासीको बर्दघाटमा नयाँ डिलर शुरू गरेको छ। एमएडब्लुले त्रिवेणी अटोमोबाइल्स प्रालिमार्फत यस क्षेत्रका ग्राहकलाई 'थ्रि एस' (सेल्स, सर्भिस र स्पेयर पार्टस्)को सुविधा शुरू गरेको हो। नवलपरासी र आसपासका क्षेत्रमा बढ्दै गएको यामाहा मोटरसाइकल र स्कुटरप्रतिको लोकप्रियतालाई मध्यनजरमा राखी नयाँ डिलरसिप शुरू गरिएको हो। नयाँ शोरुमको उद्घाटन बर्दघाट नगरपालिकाका मेयर धिरज बस्यालले गर्नु भएको थियो। त्रिवेणी अटोमोबाइल्स प्रालिबाट ग्राहकले यामाहाका मोटरसाइकल र स्कुटरहरूको 'थ्रि एस' सहित एक्सचेन्ज र फाइनेन्सको पनि सुविधा पाउनेछन्।

यामाहाले नेपाली बजारमा विभिन्न भेरियेन्टका मोटरसाइकल र स्कुटर विक्री गर्दै आएको छ। स्कुटरमा यामाहाको फेसिनो, रे जेडआर, रेजी र अल्फा गरी चार मोडेल छन् भने मोटरसाइकलमा आर ३, एफजी २५, फेजर २५, आर १५, एफजेड-एस एफआई, एसजीआरआर र सलुटो उपलब्ध छन्। यामाहाले भर्खरै मात्र एफजीएस एफआई डबल डिस्क पनि बजारमा ल्याएको छ। साथै, फेजर प्लेटफर्मको फेजर २५ ले पनि राइडरहरूलाई आकर्षित गरिरहेको छ। यामाहाका मोटरसाइकल र स्कुटरहरू प्याटेन्टेड 'ब्लु कोर' इन्जिनजडित छन्। यामाहाको 'आर' सिरिज र 'एफजी' सिरिजमा अत्याधुनिक फ्युल इन्जेक्सन (एफआई) प्रविधि जडान गरिएको छ जसले पर्फमेन्स बढाउनुका साथै इन्धन खपत घटाउँछ र यसैले गर्दा यामाहाका मोटरसाइकलहरूमा माइलेज बढी पाइन्छ।

Panchakanya
STEEL
Fe 500/500D
अधिकतम् खुद्रा बिक्री मूल्य
लागु हुने मिति: २०७५ असाढ ३ गते आइतवार (17th June, 2018) देखि (मूल्य रू. प्रति कि.ग्रा.)

| स्थान / साइज (एम.एम.) ओ.डी. | TMT Steel Bar | | | Wires | |
|---|---|---|---|---|---|
| | ८ एम.एम. | १०-२० एम.एम. | २५/२८/३२ एम.एम. | ईको वार ४.७५/७ एम.एम. | ढलान तार |
| काठमाडौं/ललितपुर/भक्तपुर/बनेपा/पनौती | ९२.५० | ९०.०० | ९१.०० | ९१.५० | १०६.०० |
| पोखरा/लेखनाथ न.पा. (शिसुवा) | ९२.२० | ८९.७० | ९०.७० | ९१.२५ | १०५.७० |
| नेपालगञ्ज/कोहलपुर/सुर्खेत | ९२.२० | ८९.७० | ९०.७० | ९१.२५ | १०५.७० |
| बिर्तामोड | ९२.६० | ९०.१० | ९१.१० | ९१.३० | १०५.७५ |
| धरान/विराटनगर/राजबिराज/उदयपुर/बागलुङ्ग | ९२.४० | ८९.९० | ९०.९० | ९१.१० | १०५.५५ |
| दमक/भद्रपुर/धुलाबारी/काँकडभिट्टा/त्रिशुली | ९२.६० | ९०.१० | ९१.१० | ९१.३० | १०५.७५ |
| जनकपुर/जलेश्वर/इटहरी/लहान/दुहबी/मिर्चैया/गौशाला/ महेन्द्रनगर (धनुषा)/गौर/बर्दिबास/कञ्चनपुर | ९२.२० | ८९.७० | ९०.७० | ९०.९० | १०५.३५ |
| नारायणगढ/भरतपुर/कावासोती/पाल्पा | ९१.७० | ८९.२० | ९०.२० | ९०.४० | १०४.८५ |
| पर्सा/टाँडी/घोराही/भण्डारा | ९१.८० | ८९.३० | ९०.३० | ९०.५० | १०४.९५ |
| वीरगञ्ज/हेटौडा/गोरखा/तुल्सीपुर/मलेखु | ९१.८५ | ८९.३५ | ९०.३५ | ९०.५५ | १०५.०० |
| बुटवल/भैरहवा/सुनवल | ९१.२० | ८८.७० | ८९.७० | ९०.९० | १०४.३५ |
| दमौली/अर्घाखाँची | ९२.२० | ८९.७० | ९०.७० | ९०.९० | १०५.३५ |
| धनगढी/महेन्द्रनगर | ९२.५५ | ९०.०५ | ९१.०५ | ९१.२५ | १०५.७० |

नोट: • उपरोक्त मूल्यमा ढलान तार बाहेक सबैमा रु. १.५० प्रति के.जी. अन्तशुल्क समाबेश गरिएको छैन।
• उपरोक्त मूल्यमा मूल्य अभिवृद्धि कर १३% समाबेश गरिएको छैन।
• उपरोक्त मूल्य कम्पनीले कुनै पनि समय परिवर्तन गर्न सक्नेछ।

पञ्चकन्या स्टील प्रा. लि.
केन्द्रीय कार्यालय: पञ्चकन्या भवन, कृष्णगल्ली, ललितपुर
पो.ब.नं.: २७४३, काठमाडौं, नेपाल
फोन नं.: ५५२६५५१ फ्याक्स नं.: ५५२६५२८
कारखाना: कोटिहवा, भैरहवा फोन नं.: ०७१-५६०५७१
फ्याक्स नं.: ०७१-५६०५७४ Email: info.steel@panchakanya.com
टोल फ्री नं. १६६०-०१-७०००७

अधिकृत विक्रेता र विक्री डिपोहरू:
• कलंकी-४०३४६३४ • सीतापाइला-४२७२३५५ • वनस्थली-९८५१०४८४४६ • गोंगबु-४३९०३७२ • टोखा-५१५९११ • हात्तीगौंडा-९८५१०२७६०२ • मित्रपार्क-४४७०७१३ • जोरपाटी, नयाँबस्ती-९८५१०२७१०४ • तीनकुने-५१९१०६५ • कोटेश्वर-५१९११७१ • सिनामंगल-५१५६०९४ • पेप्सीकोला- ५१५६०११ • कीर्तिपुर -४३३०४९३ • सतुंगल-४३१२२२८ • यान्कोट-९८५१०३५६३३ • इमाडोल-५२०३५१७/५२००६८९ • सिद्धिपुर-५५८११४४ • सातदोबाटो-५५२४८९३ • ठैब-५०१४७४४ • ढोलाहिटी-५५७२८५० • महालक्ष्मीस्थान-५५५०२४० • बागडोल-५५४३०६८ • सानेपा- ५५४३८१५ • सानागाउँ-५५८२३९० • बल्खु-५५२८५७६ • गट्ठाघर -६६३७६३७ • ठीमी-६६३६८१४ • सल्लाघारी-६६१४७०५ • व्यासी -६६१८३७५ • मुलढोका-६६१४०९१ • सूर्यविनायक-६६१०९४४ • जगाती-६६१७००३ • बनेपा-०११-६६१८२४ • पनौती-०११-४४०२६५ • भरतपुर-५२६१४५, ५२१४८९ • नारायणगढ-५७१४२३ • रौतहट-९८५५०४२५४५ • भण्डारा-५५०१९३ • हेटौडा-५२४७७४ • वीरगंज-५३१९४६ • धनुषा-९८५४०२२४०४, ५२७६१९, ९८४४०९९४९० • मेहन्द्रनगर, महोतरी-९८५४०२८११८, गैशाला-९८४४०१५६४२ • राजबिराज-५२१३५४ • विर्तामोड-५४०२१६ • गोरखा-४२०३९१ • दमौली- ५६००६९ • पोखरा- ५३८९३३, ५२२३६४, ५२०३०९, ५२०३७९, ५६००८८, ५२२८२५, ५२३१३१, ५२८२९२ • बुटवल-५४०८७५, ४३७७९६ • चन्द्रौटा, कपिलवस्तु-५४०१९६ • भैरहवा-५२४५७१, ५२१७७०, ५२०३७८ • दाङ-५६०२८४ • लमही-५४०१६२ • तुल्सीपुर-५२०५६४ • अर्घखाँची -४२०१६८ • गुल्मी-५२०१७२ • कोहलपूल-५४१७०३ •नेपालगञ्ज-५५१५४३ • सुर्खेत-५२०६५२,५२४७०८ • सुख्खड-४०३१५५ • अत्तरिया-५५००५८ •धनगढी-४१७१७६, ४१६३९०

सधैं एक कदम अगाडि
ISO 9001:2008 ISO 14001:2004
www.panchakanya.com